## अनुसूची ३
(नियम ५५(५) संग सम्बन्धित)

### कार्य सम्पादन मूल्याङ्कन फाराम

नामः– पदः– स्तरः– कार्यालयको नामः–

अवधिः– २० श्रावण १ गतेदेखि २० आषाढ मसान्तसम्म

| क्र.सं. | सम्पादित कामको विवरण, गुण तथा चरित्र | सुपरीवेक्षकको मूल्याङ्कन | | | | | पुनरावलोकनकर्ताको मूल्याङ्कन | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कम ० | सामान्य १ | उत्तम २ | अत्युत्तम ३ | पुष्ट्याई | कम ० | सामान्य $\frac{1}{2}$ | उत्तम १ | अत्युत्तम $1\frac{1}{2}$ | पुष्ट्याई |
| १. | कार्यतालिका बमोजिमको काम गर्ने क्षमता र सम्पादित कामको स्तर | | | | | | | | | | |
| २. | विषयवस्तुको ज्ञान र सीप | | | | | | | | | | |
| ३. | सम्पादित कामको प्रतिफल वा प्रयोग | | | | | | | | | | |
| ४. | काम प्रतिको उत्साह र लगनशिलता | | | | | | | | | | |
| ५. | निर्देशन अनुसार काम गर्न सक्ने क्षमता | | | | | | | | | | |
| ६. | इमान्दारी, नैतिकता र शिष्ठता | | | | | | | | | | |
| ७. | सहयोगको भावना | | | | | | | | | | |
| ८. | निर्णय दिन सक्ने क्षमता | | | | | | | | | | |
| ९. | मातहतका कर्मचारीलाई नियन्त्रण वा मार्गदर्शन गर्ने क्षमता | | | | | | | | | | |
| १०. | अनुशासन | | | | | | | | | | |
| ११. | बढुवाको लागि संभाव्य क्षमता | ० | १ | २ | ३ | | ० | $\frac{1}{2}$ | १ | २ | |

कुल अङ्क

दस्तखतः–
सुपरीवेक्षकको नामः–
दर्जाः–
मितिः–

दस्तखतः–
पुनरावलोकनकर्ताको नामः–
दर्जाः–
मितिः–



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची ४
(नियम ८२ (१) सँग सम्बन्धित)
जिल्लास्तरीय विकास
कार्यक्रमहरू

१. शिक्षा तथा संस्कृति मन्त्रालय अन्तरगत

जिल्लाभित्र संचालन हुने उच्च शिक्षा र प्राविधिक शिक्षालय परीक्षा नियन्त्रण, पाठ्यक्रम बाहेक सबै किसिमका शिक्षा विकास सम्बन्धी कार्यहरू जिल्लास्तरीय हुनेछन् यस अनुसार साक्षरता कार्यक्रम प्राथमिक तथा माध्यमिक शिक्षा कार्यक्रम र खेलकूद विकास कार्यक्रम जिल्लास्तरीय नेछन् । संस्कृति प्रवर्धनतर्फ विभिन्न जाति, भाषा, धर्म र संस्कृतिको संरक्षण, सम्वर्द्धन र साँस्कृतिक, धार्मिक तथा पुरातात्विक महत्वका वस्तु एवं स्थलहरूको संरक्षण, सम्वर्द्धन सम्बन्धी कार्यहरू जिल्ला स्तरीय हुनेछन् । श्री ५ को सरकारबाट केन्द्रीयस्तरमा संचालन गरिएका प्राविधिक शिक्षालयहरूको हकमा पनि जिल्लाहरूका निर्धारित कोटा अनुसार प्रशिक्षार्थीहरू छनौट गरी पठाउने कार्य र तिनीहरूको प्रशिक्षणको लागि लाग्ने खर्च व्यहोर्ने समेत जिल्लास्तरीय रूपमा जिल्ला विकास समितिबाटै हुनेछ ।

२. निर्माण तथा यातायात मन्त्रालय अन्तरगत

स्थल यातायाततर्फ अधिराज्यका पूर्व पश्चिम राजमार्ग र उत्तर दक्षिण राजमार्ग र ती राजमार्गहरूबाट जिल्ला सदरमुकाम जोड्ने जस्ता सहायक मार्ग बाहेक जनसहभागिता परिचालन गरी निर्माण गरिने घोडेटो, गोरेटो, मोटरबाटो आदि सबै प्रकारका बाटाहरू, पुल, पुलेसा, झोलुंगे पुल आदिको निर्माण तथा मर्मत सम्भार कार्यहरू जिल्लास्तरीय हुनेछन् । जिल्लाका प्राविधिक क्षमताले नभ्याउने जिल्लाका ठूलठूला पुलहरूको निर्माण कार्य जिल्ला स्तरीय नभै केन्द्रीयस्तरका हुनेछन् ।

३. वन तथा भू-संरक्षण मन्त्रालय अन्तरगत

यस मन्त्रालय सम्बन्धी निम्न कार्यहरू जिल्लास्तरीय हुनेछन्

१. जिल्लाको वन विकास, विस्तार तथा संरक्षण कार्य । (राष्ट्रिय निकुञ्ज, आरक्षहरू राष्ट्रिय वनहरू बाहेक)
२. वृक्षरोपण तथा संरक्षण कार्य ।



८१
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. जिल्लाको लागि नर्सरी विकास तथा संचालन ।
४. वन आगलागी नियन्त्रण ।
५. जिल्लामा काठ दाउरा बचतको लागि संचालन गरिने उन्नत चुलो वा अन्य यस्ता विकास तथा विस्तार कार्यक्रम ।
६. जिल्लामा संचालन गरिने जडिबुटी विकास कार्यक्रम । (श्री ५ को सरकारको जडिबूटी अनुसन्धान फारमहरू बाहेक)
७. जिल्लाको प्राविधिक क्षमताले भ्याउने भूक्षय र पैरो नियन्त्रण कार्यक्रम ।
८. प्राकृतिक वातावरण संरक्षण तथा सम्बर्धन गर्ने कार्यक्रम ।

४. स्वास्थ्य मन्त्रालय अन्तरगत

स्वास्थ्य मन्त्रालयद्वारा संचालन गरिने अस्पताल प्रशिक्षण कार्य अनुसन्धान, गोष्ठी आदि कार्यक्रम बाहेक ।

जिल्ला अस्पताल र जिल्लाका अरू सबै सरकारी स्वास्थ्य संस्थाह र ती संस्थाहरूबाट नियमित रूपमा संचालन हुने उपचारात्मक तथा निरोधात्मक स्वास्थ्य सेवा सम्बन्धी सबै कार्यक्रमहरू जिल्लास्तरीय हुनेछन् । स्वास्थ्यसम्बन्धी जिल्लास्तरीय कार्यक्रम अन्तर्गत मुख्य गरी प्राथमिक स्वास्थ्य उपचार स्वास्थ्य शिक्षा, परिवार नियोजन तथा यस अन्तर्गत मुख्य गरी प्राथमिक स्वास्थ्य उपचार, स्वास्थ्य शिक्षा, परिवार नियोजन तथा मातृशिशु कल्याण कार्यक्रम, पोषण कार्यक्रम, प्रारम्भिक स्वास्थ्य केन्द्रको कार्यक्रम, विभिन्न रोग नियन्त्रण कार्यक्रमहरू वातावरणीय तथा सफाई कार्यक्रम आदि पर्नेछन् । जिल्लास्तरीय स्वास्थ्य संस्थाहरूको लागि आवश्यक औषधि औजार तथा मेशिनहरू जिल्लाको आवश्यकताको आधारमा जिल्लालाई दिइने अनुदानबाट कट्टा गर्ने गरी केन्द्रबाट खरिद गरी उपलब्ध गराउन सकिनेछ ।

५. कृषि मन्त्रालय अन्तरगत

१. जिल्लामा कृषि उत्पादन वृद्धि गर्न संचालन गरिने कृषि अनुसन्धान फाराम । केन्द्र (स्टेशनहरू) र बागवानी, पशु विकास, बाली विकास, मौरी पालन र रेशम खेतीसंग सम्बन्धीत प्रभाव क्षेत्र एक भन्दा बढी जिल्ला भएका तथा राष्ट्रिय दृष्टिकोणबाट महत्वपूर्ण फार्म । केन्द्र। आयोजनाहरू बाहेक जिल्लाका कार्यालयहरूबाट संचालन गरिने सबै किसिमका कृषि, प्रसार, फलफूल तथा तरकारी विकास, पशु स्वास्थ्य, चरण विकास, मत्स्य विकास, मौरी पालन आदि कार्यहरू र साथै कृषि ऋण, कृषि सामाग्री, कृषि बजार सम्बन्धी कार्यहरू



८२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पनि जिल्लास्तरीय हुनेछन् । जिल्ला आफैले आफ्नो जिल्ला विकासको लागि हुने कुराको अनुसन्धान सम्बन्धी कार्य गर्न बाधा पर्ने छैन ।

२. जिल्लास्तरको साझा तथा सहकारी विकास सम्बन्धी कार्यहरू जिल्लास्तरीय हुनेछन् ।

६. जलस्रोत मन्त्रालय अन्तरगत

एकभन्दा बढी जिल्लालाई लाभ पुर्याउने वा कार्यान्वय क्षेत्र एक भन्दा बढी जिल्ला पर्ने आयोजनाहरू, ठेक्का पट्टाबाट संचालन गरिनु पर्ने आयोजनाहरू र जिल्लाको क्षमताले कार्यान्वयन गर्न नसकिने ठूला आयोजनाहरू बाहेक जिल्लाको विकासको लागि संचालन गरिने सिंचाई सम्बन्धी बाँध, पैनी, कुलो, नहर, पोखरी आदि निर्माण आयोजनाहरू, नदी नियन्त्रण आयोजनाहरू स–साना जल विद्युत तथा विद्युतीकरण आयोजनाहरू अन्य जनशक्ति उपयोग तथा वैकल्पिक उर्जा विकास आयोजनाहरू र यस्ता आयोजनाहरूको संचालन, मर्मत, सम्भार कार्यहरू जिल्ला स्तरीय हुनेछन् ।

७. आवास तथा भौतिक योजना मन्त्रालय अन्तरगत

कार्यान्वयन क्षेत्र एक भन्दा बढी जिल्ला पर्ने आयोजना , वैदेशिक ठेक्का पट्टाबाट सञ्चालन गरिनु पर्ने आयोजना वा जिल्लाको प्राविधिक क्षमताले नभ्याउने ठूला आयोजना बाहेक जिल्लामा सञ्चालन गरिने खानेपानी सम्बन्धी सबै किसिमका आयोजनाहरू, सरसफाई तथा ढल निकास सम्बन्धी, सार्वजनिक तथा जिल्लास्तरीय कार्यालयहरूको भवन निर्माण, प्रदूषण नियन्त्रण गर्ने र सम्पन्न आयोजनाहरूको मर्मत, सम्भार आदि जिल्लास्तरीय हुनेछन् ।

८. उद्योग मन्त्रालय अन्तरगत

जिल्लाको क्षमताले भ्याउन सकिने जिल्लाभित्र सञ्चालन हुने घरेलु तथा साना उद्योग विकास सम्बन्धी कार्यक्रमहरू जिल्लास्तरीय हुनेछन् । यस्तो जिल्ला स्तरीय घरेलु तथा साना उद्योग विकास कार्यक्रमहरूमा उद्योगहरूको प्रवर्द्धन, उद्योग स्थापना, संरक्षण विस्तार आदि पर्दछन् । यसमा मुख्य गरी निजी क्षेत्रलाई प्रोत्साहित गर्ने र आवश्यक सहयोग उपलब्ध गराउने कार्य गरिनेछन् घरेलु तथा साना उद्योगको विकास गर्ने सन्दर्भमा जिल्लाले केन्द्रको सहयोग लिई वा नलिई सीप विकास तालिम कार्यक्रमहरू सञ्चालन गर्न पनि सक्नेछन् ।

८२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. स्थानीय विकास मन्त्रालय अन्तरगत

स्थानीय विकासका लागि अनुदान (Black grand) बाट जिल्लामा सञ्चालन हुने स्थानीय विकास कार्यक्रम जिल्लाका महिला विकास कार्यक्रम, पिछडिएका समुदाय वा कमजोर वर्गको विकास कार्यक्रम, दुर्गम क्षेत्र विकास कार्यक्रम, शहरी वा अन्य विकास कार्यक्रम आदि जिल्लास्तरीय हुने छन्।

१०. पर्यटन मन्त्रालय अन्तरगत

स्थानीयस्तरको सहभागिता तथा व्यवस्थापन आवश्यक पर्ने सबै किसिमका पर्यटन क्षेत्र तथा स्थलहरूको संरक्षण, सम्वर्द्धन, विकास तथा विस्तार सम्बन्धी कार्यहरू जिल्लास्तरीय हुनेछन्। (यस्ता कार्यहरूमा कुनै राष्ट्रिय महत्वको भएमा वा जिल्लाको क्षमताले नभ्याउने भएमा केन्द्रीयस्तरबाट सञ्चालन गर्न सकिनेछ।)

११. गृह मन्त्रालय अन्तरगत

स्थानीय जन्म, मृत्यु, विवाह, बसाई, सराई आदि दर्ता सम्बन्धी कार्यहरू जिल्लास्तरीय हुनेछन्।

१२. श्री ५ को सरकारले समय-समयमा तोकेको अन्य जिल्ला विकास कार्यक्रमहरू।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–५
## आयोजना विवरण
## (नियम ८३ (४) संग सम्बन्धित)

१. आयोजनाको नामः
२. आयोजनाको स्थलः
३. आयोजना अवस्था र भौतिक विवरणः
४. आयोजना अनुमानित लागतः
५. लागत व्यहोर्ने श्रोतहरू-
आन्तरीकः–
अनुदानः–
जनसहभागिताः–
६. आयोजना पूरा हुने अनुमानित समयः
७. आयोजनामा प्रयोग हुने सामाग्री र सीपः
१. स्थानीय सामानः
२. वाहिरी सामानः
८. आयोजनाः
१. टिकाउ अवधिः
२. पूरा गर्न लाग्ने अवधिः
९. आयोजना निर्माण पछि सञ्चालन र संभार खर्चको व्यवस्था
(क) लाग्ने खर्चः
(ख) रकमको व्यवथाः
(ग) सञ्चालन निकाय र प्रकृया
१०. आयोजनाबाट प्राप्त हुने लाभ
(क) लाभान्वित जनसंख्याः–
(ख) खुद बढ्ने उत्पादन परिमाणः–
(ग) अप्रत्यक्ष लाभः–
११. आयोजनाबाट अन्य क्षेत्रमा पर्ने असरः–
(क) प्रत्यक्षः
(ख) अप्रत्यक्षः
१२. अन्य विवरणः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची – ६
### (नियम ८३ (११) संग सम्बन्धित)
### गैर सरकारी संघ संस्थाबाट संचालन गरिने आयोजनाको विवरण

१. आयोजना संचालन गर्ने संस्थाको नाम, ठेगानाः–

२. आयोजनाको

(क) मुख्य कार्यालय  (ख) स्थानीय कार्यालयः–

३. आयोजनाको नामः–

४. आयोजनाको उद्देश्यः–

५. आयोजना स्थलः–  जिल्लाः–  नगर।गाउँः–  वार्डः–

६. लागत अनुमान रू. :–

७. लाग्ने जनशक्तिः–  (क) स्वदेशीः–  (ख) अन्य

८. लाभान्वित जनसंख्याः–

(क) परिवार संख्याः–
(ख) समुदायः–
(ग) अन्यः–

९. लागतः–

(क) संस्थाले व्यहोर्ने रूः–
(ख) सामग्रीको बराबर रूः–
सामग्रीको रूः–  जनश्रम रूः–
(ग) उपभोक्ता समूह।समितिबाट रूः–
(घ) स्थानीय निकायबाट रूः–
(ङ) अन्य श्रोतबाट रूः–

१०. मर्मत संभार व्यवस्थाः–

(क) जिम्मा लिने संस्था/व्यक्तिः–
(ख) मर्मत सम्भारको श्रोत (श्रम।शुल्क।चन्दा।बचत):–
(ग) अन्यः–

सहीः–
दर्जाः–
संस्थाको छापः–

द्रष्टव्यः– अन्य थप कुरा भए यसैं साथ छुट्टै पेश गर्नु पर्नेछ।

कार्य समितिका सदस्यहरूको नामावली
१..........
२..........
३..........



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची– ७
(नियम ८७ (४) संग सम्बन्धित)
योजना सम्झौता फाराम

१. सम्झौता गर्ने पक्षहरूको विवरण–

(क) नाम, ठेगानाः–

१.

२.

३.

४.

(ख) आयोजनाको विवरणः–

१. नामः–

२. ठेगानाः–

३. उद्देश्यः–

४. आयोजना स्वीकृत गर्ने निकायः–

२. आयोजनाको लागत सम्बन्धी विवरणः–

(क) लागत अनुमान रू.

(ख) लागत व्यहोर्ने श्रोतहरूः–

(१) श्री ५ को सरकार वा जिल्लास्तरीय कार्यालयबाट रू. . . .

(२) जिल्ला विकास समितिबाट रू. . . .

(३) नगरपालिका, गाउँ विकास समितिबाट रू. . . .

(४) गैर सरकारी संघ संस्थाबाट रू. . . .

(५) विदेशी दातृ संघ संस्थाबाट रू. . . .

(६) उपभोक्ता समूहबाट रू. . . .

(७) अन्यबाट रू. . . .

जम्माः–

(ग) निर्माण सामग्री र श्रम–

(१) सम्बन्धित कार्यालयबाटः–

(२) गाउँ विकास समितिबाटः–

(३) उपभोक्ता समूहबाटः–

(४) अन्यः–



८३६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) आयोजनाबाट लाभान्वित हुनेः–

(१) घर परिवार संख्याः–

(२) जनसंख्याः–

(३) अन्य (वर्ग वा समुदाय):–

३. आयोजना कार्यान्वयनः–

१. उपभोक्ता समूह गठन गर्ने निकायको नाम र ठेगानाः–

२. उपभोक्ता समूह गठन भएको मितिः–

३. उपभोक्ता समूह वा गैर सरकारी संस्थाका पदाधिकारीको नामावलीः–

(क) अध्यक्ष

(ख)

(ग)

(घ)

(ङ)

(च)

(छ)

(ज)

(झ) सचिव

४. आयोजना संचालन सम्बन्धी अनुभवः–

५. उपभोक्ता समूह वा संघ संस्थाले प्राप्त गर्ने किस्ताः–

| किस्ताको क्रम | किस्ताको रकम | मिति |
| --- | --- | --- |
| १. पहिलो | | |
| २. दोश्रो | | |
| ३. तेश्रो | | |
| जम्माः– | | |

६. आयोजना मर्मत संभार व्यहोर्ने (व्यवस्था मासिक, चौमासिक। वार्षिक श्रोत) स्पष्ट उल्लेख हुनु पर्नेछ ।

१. जनश्रमदान (श्रमशक्ति संख्या)

२. शुल्कबाट रू.

३. दस्तूर। चन्दा रू.



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. अर्थिक सहायता। अनुदान रू.

५. व्याज। अन्य वचत

६. अन्य (प्राविधिक र व्यवस्थापन सम्बन्धी)

१.

२.

३.

४.

**सम्झौता शर्तहरू:**

१. आयोजना संचालन गर्ने निकायले रकम तथा निर्माण सामग्री जुन आयोजना र उद्देश्यको लागि प्राप्त गरेको हो सोही आयोजनामा मात्र प्रयोग गर्नु पर्नेछ।

२. आयोजनाहरूको मर्मत संभारको व्यवस्था गर्नु पर्नेछ।

३. आयोजना सम्पन्न भएपछि सम्बन्धित निकायबाट जाँचपास गरी फरफारक लिनु पर्नेछ।

४. प्रचलित कानूनमा व्यवस्था गरेका कुराहरू पालना गर्नु पर्नेछ।

५. अन्य:–

१.

२.

३.

उक्त बमोजिम गर्न हामी निम्न पक्षहरू मन्जुर गर्दछौं।

| जिल्ला विकास समितिको तर्फबाट: | नगरपालिका। गाउँ विकास समितिको तर्फबाट |
| --- | --- |
| नाम:– | नाम:– |
| दर्जा:– | दर्जा:– |
| सही:– | सही:– |



मुद्रण विभाग सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| जिल्लास्तरीय कार्यालयबाट | गैरसरकारी (स्वदेशी । विदेशी) संघ । संस्थाको तर्फबाट |
|---|---|
| कार्यालयको नामः– | संस्थाको नामः– |
| कार्यालय प्रमुखको नामः– | पदाधिकारीको नामः |
| सहीः– | पदः– |
| | सहीः– |
| | उपभोक्ता समूहको तर्फबाट |
| | अध्यक्ष..... |
| | सहीः– |

मिति........

द्रष्टव्य

संझौताका अन्य शर्तहरू आवश्यकतानुसार संझौताका पक्षहरूले थप गर्न सक्ने छन् ।

मुद्रण विभाग, सिंहदरबार

८०



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची ८
(नियम ६६ संग सम्बन्धित)
शपथ ग्रहण फाराम

"म... ... ... ... ... ... ... ईश्वरको नाममा सपथ लिन्छुसत्य निष्ठा पूर्वक प्रतिज्ञा गर्दछु कि म नेपाल अधिराज्यको संविधान, २०४७ प्रति पूर्ण वफदार रही... ... ... ... ... ... ... को काम काज मुलुकको सोझो चिताई, कसैको डर नमानी, पक्षपात नगरी, स्नेह वा खराव भावना नलिई इमान्दारी साथ गर्नेछु ।

मितिः— सहीः— "

आज्ञाले,
भोलानाथ चालिसे
श्री ५ को सरकारको का. मु. सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## भूमि सुधार तथा व्यवस्था मन्त्रालयको

### सूचना १

बिर्ता उन्मूलन ऐन, २०१६ को दफा ७ क. को उपदफा (१) र (२) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायबमोजिम गर्ने गरी तोकि दिएको छ ।

(क) उपदफा (१) को प्रयोजन निमित्त "ख" श्रेणी बिर्ता जग्गा कमाउने व्यक्तिले आफैंले जग्गा कमाएको निस्सा साथ राखि जग्गा दर्ता गर्न आगामी २०५१ साल चैत्र मसान्तभित्र दरखास्त दिई सक्नु पर्नेछ ।

(ख) उपदफा (२) को प्रयोजन निमित्त शुल्क र दस्तूर निम्नानुसार लाग्नेछ ।

(१) शुल्कः– मालपोत ऐन, २०३४ लागू भएको जिल्लामा लिखत पारित गर्न लाग्ने दस्तूरको प्रयोजनको लागि तोकिएको मूल्यको १० % (दश प्रतिशत) र मालपोत ऐन, २०३४ लागू हुन बाँकी जिल्लामा न्यूनतम मूल्य नतोकिने हुनाले प्रचलित मूल्यको ५ % (पाँच प्रतिशत) ।

(२) दस्तूरः– मालपोत वा भूमिकरको सात दोब्बर ।

### सूचना २

श्री ५ को सरकारले आर्थिक ऐन, २०४५ को दफा १५.२ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी शहरी क्षेत्रको वर्गीकरण नभएको तनहुँ व्यास नगरपालिकामा पर्ने साविक फराक चौर गाउँ विकास समिति वडा नं. ९ को नक्सा नं. ९ ग, ९ घ, ९ ञ, ९ ट, ९ झ, को जग्गाहरूलाई भूमिकरको प्रयोजनको लागि (च) वर्ग तोकी सोही ऐन को दफा १६.३ ले दिएको अधिकार प्रयोग गरी रजिष्ट्रेशन दस्तूरको प्रयोजनको लागि समेत शहरी क्षेत्र तोकिएकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
शरदकुमार भट्टराई
श्री ५ को सरकारको का.मु. सचिव

८४२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।